नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

(स्थानीय तह कर्मचारी प्रशासन शाखा)

पत्र संख्या : ०७७/७८

चलानी नं: 2093

मितिः २०७८/०१/०८

**स्थानीय तहमा स्थायी नियुक्ति पाएका कर्मचारीहरुलाई कामकाजमा खटाउने सम्बन्धी सूचना ।**

लोकसेवा आयोगबाट स्थानीय तहमा सिफारिस भई स्थायी नियुक्ति भएका कर्मचारीहरुलाई अन्तर स्थानीय तहमा कामकाजमा खटाउने सम्बन्धी कार्यलाई थप व्यवस्थित गर्न **"लोक सेवा आयोगबाट स्थायी नियुक्ति भएका कर्मचारी व्यवस्थापन सम्बन्धी मापदण्ड (संशोधन सहित), २०७७"** बमोजिम दुवै तर्फका स्थानीय तहको दोहोरो सहमति सहित कामकाजको लागि खटाउने सम्बन्धमा तपसिल बमोजिम हुने भएकाले नेपाल सरकार (मा.मन्त्रीस्तर)को मिति २०७८।०१।०८ को निर्णयानुसार जानकारीको लागि अनुरोध छ ।

तपसिलः

१. लोक सेवा आयोगको सिफारिसबाट स्थानीय तहमा स्थायी नियुक्ति भई आफुलाई पायक पर्ने अन्य स्थानीय तहमा कामकाजमा खटिई जान ईच्छुक कर्मचारीले जाने र छाड्ने दुवैतर्फको स्थानीय तहको अध्यक्ष/प्रमुख र प्रमुख प्रशासकीय अधिकृत दुवैजनाको हस्ताक्षर भएको सरुवा भई जान र आउन दिएको सहमती पत्र, स्थानीय तहमा भएको नियुक्ति पत्र र कामकाजको लागि अनुरोध गरी दिएको निवेदन संलग्न (attach) गरी यस मन्त्रालयको इमेल ठेगाना **local.emp.admin@mofaga.gov.np** मा मिति २०७८।०१।२० गते सम्म इमेल गर्नुपर्ने । उक्त अवधि पश्चात प्राप्त हुने निवेदन उपर कुनै कारवाही नहुने ।

२. कोभिड-१९ को महामारीको प्रकोप, सम्बन्धित स्थानीय तह/कार्यालयको कार्यचाप र यस मन्त्रालयको अन्य कार्यहरुलाई समेत पर्नसक्ने असरलाई दृष्टिगत गरी कामकाज/सरुवासंग सम्बन्धित निवेदन (Hard Copy) मन्त्रालयमा दर्ता नगरिने एवं नबुझिने हुँदा अनिवार्यरुपमा इमेल मार्फत मात्र निवेदन दिनुपर्ने ।

३. हालसम्म मन्त्रालयमा दर्ता भएका वा इमेल गरिएका निवेदनहरु उपर यस अघिकै कागजातका आधारमा आवश्यक निर्णय गरिने हुँदा पुनः इमेल गरिराख्नु नपर्ने ।

४. प्राप्त निवेदन तथा अन्य आवश्यक कागजातहरु अध्ययन गरी आवश्यकता र प्राथमिकताको आधारमा कामकाजसंग सम्बन्धी निर्णय क्रमशः गरिने । कामकाजमा खटाईएको पत्र विद्युतीय माध्यम मार्फत नै सम्बन्धित व्यक्ति वा कार्यालयमा पठाईने र मन्त्रालयबाट पत्र उपलब्ध नगराईने हुँदा सम्बन्धित व्यक्ति मन्त्रालयमा उपस्थित हुनु नपर्ने ।

५. लोक सेवा आयोगमा पदपूर्तिको लागि माग गरिएका, समायोजन संशोधन मार्फत पदपूर्ति भएका, एउटा पदको लागि एकभन्दा बढी सहमति प्रदान गरिएका पदहरुमा कामकाजमा नखटाईने ।

६. विगतमा सहमति प्रदान गरिएको भएता पनि हाल कामकाजको लागि नखटाईदिन अनुरोध भई आएका स्थानीय तहहरुमा समेत कर्मचारी नखटाईने ।

०७८।०१।०८

.............................

(टेकराज आचार्य)

शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखा - यस मन्त्रालयको वेबसाईटमा राखिदिनु हुन ।